# सरकारी आश्वासन कार्यान्वयनमा संसदीय समिति



कमला शाक्य [*]

**सारांश**

*संसदीय शासन प्रणालीमा कार्यपालिका अर्थात् सरकार संसदप्रति उत्तरदायी हुन्छ । संसदमा बहुमत प्राप्त राजनीतिक दलको नेतालाई प्रधानमन्त्रीको पदमा निर्वाचन गरिन्छ र उनकै नेतृत्वमा मन्त्रिपरिषद्को गठन हुन्छ । संसदले कार्यपालिकाको कामकारवाहीमाथि निगरानी राख्दछ । सरकारले आफ्नो कामकारवाही सम्बन्धमा संसदलाई जानकारी दिनुपर्ने हुन्छ । सरकारको नीति तथा कार्यक्रम, बजेट वक्तव्य, प्रश्नोत्तरको समय, विधेयकमाथिको छलफल, सङ्कल्प प्रस्ताव लगायतका विषयहरूमाथि हुने छलफलको क्रममा सरकारका मन्त्रीहरूले संसदमा विभिन्न आश्वासन दिने गर्दछन् । यसरी दिइएका आश्वासन कति पूरा भए, कति बाँकी छन् भनी अनुगमन, मूल्याङ्कन गर्ने कार्यको लागि विभिन्न संसदीय समितिहरूको गठन भएको हुन्छ । सरकारी आश्वासन समिति यस्तै एक समिति हो । यस प्रकारको समितिले सरकारका मन्त्रीहरूबाट संसदको बैठकमा व्यक्त भएका आश्वासनको अध्ययन गरी सोको कार्यान्वयन अवस्थाको अनुमगन, मूल्याङ्कनको साथै कार्यान्वयन प्रभावकारिताको लागि निर्देशन दिने गर्दछ । यस लेखमा सरकारी आश्वासन कार्यान्वयनमा संघीय संसद अन्तर्गतका समितिहरूले खेलेको भूमिकाको बारेमा चर्चा गरिएको छ ।*

## पृष्ठभूमि

संसदीय शासन प्रणाली अपनाइएको मुलुकमा जननिर्वाचित संस्था संसदले नागरिकको प्रतिनिधित्व गर्दछ । यही संस्थामार्फत् सरकार नागरिकप्रति उत्तरदायी रहन्छ । राज्य/सरकारका तर्फबाट नागरिकलाई प्रदान गरिने विभिन्न सेवा र सुविधाका विषय संसदमार्फत् नै व्यक्त गरिएको हुन्छ । यसरी सरकारको तर्फबाट मन्त्रीहरूले समय समयमा संसदको बैठक र संसदीय समितिहरूमा विभिन्न आश्वासन एवं प्रतिबद्धता व्यक्त गरेका हुन्छन् । सदन चलिरहेका वेला हुने विधेयक, विभिन्न

---

[*] उपसचिव, संघीय संसद सचिवालय

प्रस्ताव, प्रश्नउत्तर र शून्य समयको छलफलका क्रममा कुनै विषयलाई सकारात्मक रूपमा हेर्ने, विचार गर्ने, सदनसमक्ष पेश गर्ने, कदम चाल्ने, कारवाही गर्ने, पछि जानकारी गराउने वा यस्तै अन्य कुरा व्यक्त गरी प्रतिबद्धता जनाइएको हुन्छ । कतिपय अवस्थामा तत्कालै जवाफ दिने प्रचलनसमेत रही आएको पाइन्छ । यसरी संसद वा संसदीय समितिहरूमा सरकारको तर्फबाट मन्त्रीहरूले व्यक्त गर्ने प्रतिबद्धताको अत्यन्त ठूलो महत्त्व रहन्छ । संसदमा हुने यस्ता छलफल, प्रश्नहरूको जवाफ, सार्वजनिक महत्त्वको रूपमा आउने विषयहरू जनतासँग प्रत्यक्ष सरोकार राख्ने भएकोले महत्त्वपूर्ण मानिन्छ ।

यसरी सरकारको तर्फबाट मन्त्रीहरूले समय-समयमा जनप्रतिनिधिमूलक संस्था संसद वा व्यवस्थापिकामा व्यक्त गर्ने प्रतिबद्धताहरूलाई सरकारी आश्वासन भनिन्छ । अर्थात् संसदमा सरकारका तर्फबाट मन्त्रीहरूले समय-समयमा गर्ने प्रतिबद्धता वा बचनलाई सरकारी आश्वासनको रूपमा लिइन्छ । संसदमा सरकारका तर्फबाट मन्त्रीले व्यक्त गरेका यस्ता आश्वासन कति कार्यान्वयन भए, कति कार्यान्वयन हुन बाँकी छन् भनी अनुगमन गर्ने जिम्मेवारी संसदमा निहित रहेको हुन्छ । यसरी सरकारी आश्वासनको कार्यान्वयन अवस्थाको अनुगमन, निरीक्षण एवं परीक्षण गर्ने कार्यको लागि संसदीय समितिको व्यवस्था गरिएको हुन्छ ।

**सरकारी आश्वासन समितिको गठन**

सरकारी आश्वासनसम्बन्धी अन्तर्राष्ट्रिय इतिहास अध्ययन गर्ने हो भने सन् १९४९ मा दक्षिण एसियामा सर्वप्रथम भारतको लोक सभाका सभामुखले ६ सदस्यीय सरकारी आश्वासन समितिको गठन गरेका थिए । त्यस्तै, राज्य सभामा पनि सन् १९७२ को जुलाईदेखि नियमावली समितिको सिफारिसबमोजिम सरकारी आश्वासन समितिको गठन भएको थियो । यसको अतिरिक्त भारतका विभिन्न राज्यको विधान सभाहरूमा समेत यस्तो समितिको गठन भएको पाइन्छ । त्यस्तै, केन्या, बंगलादेश, मौरिसस, जाम्बिया, सेसेल्सलगायतका मुलुकहरूमा पनि सरकारी आश्वासन समितिको प्रयोग भएको पाइन्छ ।

नेपालको सन्दर्भमा सर्वप्रथम वि.सं. २०१६ सालको प्रतिनिधि सभा नियमावलीमा संसदीय समितिसम्बन्धी व्यवस्था रहेको थियो । तर सरकारी आश्वासनसम्बन्धी समितिको सुरुवात भने बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना पश्चात् मात्र भएको देखिन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम गठित संसदको माथिल्लो सदन राष्ट्रिय सभा अन्तर्गत यस्तो समितिको गठन भएको थियो । राष्ट्रिय सभा नियमावली, २०४८ को नियम १५१ बमोजिम प्रत्यायोजित व्यवस्थापन तथा

सरकारी आश्वासन समितिको गठन भएको थियो । सभाका अध्यक्षले सभाको अनुमति लिई बढीमा २५ जना सदस्यहरू उक्त समितिमा मनोनीत गर्न सक्ने व्यवस्था नियमावलीमा थियो ।

त्यसपछि गठन भएको संसदमा राष्ट्रिय सभा नियमावली, २०५५ को नियम १५२ बमोजिम सरकारी आश्वासन समितिको गठन भएको थियो । प्रत्येक विषयगत समितिमा अध्यक्षले सभाको अनुमति लिई बढीमा १५ जना सदस्यहरू मनोनीत गर्ने व्यवस्था उक्त नियमावलीमा गरिएको थियो । वि.सं. २०६३ सालको व्यवस्थापिका-संसद, त्यसपछिको व्यवस्थापिका-संसदमा विभिन्न विषयगत समितिको व्यवस्था भए तापनि सरकारी आश्वासन हेर्नको लागि मात्र छुट्टै समितिको व्यवस्था नभएको हुँदा आश्वासनसम्बन्धी कार्य अपेक्षाकृत रूपमा प्रभावकारी हुन सकेको थिएन । यही कुरालाई दृष्टिगत गरी संघीय संसदअन्तर्गत राष्ट्रिय सभाको नियमावलीमा सरकारी आश्वासनसम्बन्धी समितिको व्यवस्था गरिएको छ । प्रतिनिधि सभाअन्तर्गत सरकारी आश्वासन नामको विषयगत समितिको व्यवस्था नभए तापनि सभाअन्तर्गत गठित विषयगत समितिहरूलाई सरकारी आश्वासन कार्यान्वयनको अनुगमन, मूल्याङ्कन गर्न सक्ने अधिकार प्राप्त छ ।

संघीय संसदको माथिल्लो सदन राष्ट्रिय सभामा सरकारी आश्वासनसम्बन्धी छुट्टै समितिको गठन गरिएको छ । राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ बमोजिम राष्ट्रिय सभाको नियमित कार्यमा सहयोग पुऱ्याउन सरकारलाई राष्ट्रिय सभाप्रति उत्तरदायी र जिम्मेवार बनाउन, सरकारबाट भए गरेका कामकारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय-सल्लाह दिनसमेतका लागि सभा अन्तर्गत प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको गठन भएको छ । अध्यक्षले राष्ट्रिय सभाको अनुमति लिई विषयगत समितिमा बढीमा १५ जना सदस्यहरू मनोनीत गर्न सक्ने व्यवस्था राष्ट्रिय सभा नियमावली, २०७५ मा भए पनि हाल यस समितिमा १३ जना सदस्यहरू रहनु भएको छ ।

**सरकारी आश्वासनको स्वरूप**

आश्वासन भन्नाले सरकारको नीति तथा कार्यक्रम, बजेट वक्तव्य, बजेटको प्राथमिकता र सिद्धान्त, संसदमा उठेका प्रश्नहरूको जवाफ दिने क्रममा संसदमा मन्त्रीहरूले दिएका आश्वासन वा यस्तै प्रकृतिका अन्य आश्वासनहरूलाई जनाउँछ भने सरकारका मन्त्रीहरूले संसदको बैठकमा हुने छलफलको क्रममा व्यक्त हुने देहायको वाक्यांश वा शब्दावलीहरूलाई सरकारी आश्वासनको रूपमा लिन सकिन्छ ।

- यो विषय सरकारमा विचाराधीन छ ।
- यो विषयलाई सरकारले सकारात्मक रूपमा हेर्ने छ ।

- यस विषयमा विचार गर्ने छु ।
- यो विषयको सम्बन्धमा सदस्यलाई जानकारी गराउने छु ।
- सदनसमक्ष पेश गरिनेछ ।
- यो विषयमा आवश्यक कारवाही गरिनेछ ।
- यो विषय सदनसमक्ष पेश गरिनेछ ।
- सदनलाई जानकारी गराइनेछ ।
- यो विषय सम्पन्न गरिनेछ ।
- यो विषय यसै आर्थिक वर्षभित्र सम्पन्न गरिनेछ ।

**विद्यमान कानूनी व्यवस्था**

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५३ को उपनियम (२) को खण्ड (ख) मा मन्त्रीले सरकारको तर्फबाट सभा वा समितिमा समय-समयमा दिएका आश्वासनहरूलाई पूरा गर्न नेपाल सरकारद्वारा के कस्ता कदमहरू उठाइएका छन्, सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई दिएका निर्देशनहरूलाई समितिको प्रतिवेदनमा समावेश गरी सभासमक्ष पेश गर्ने प्रावधान रहेको छ भने प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १७५ को उपनियम (१) को खण्ड (घ) मा मन्त्रीले सरकारको तर्फबाट बैठकमा समय-समयमा दिएका आश्वासनलाई पूरा गर्न नेपाल सरकारद्वारा के-कस्ता कदम उठाइएका छन्, सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने प्रावधान रहेको छ ।

नियमावलीमा भएको प्रावधान अनुसार सरकारका मन्त्रीले सभा वा समितिमा दिएका आश्वासनहरू पूरा गर्न नेपाल सरकारद्वारा उठाइएका कदमहरूको सङ्कलन र अध्ययन गरी प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिलगायत अन्य विषयगत समितिहरूले सरकारी आश्वासनहरूको कार्यान्वयनको लागि सम्बन्धित निकायहरूलाई निर्देशन दिने, समितिले सभामा प्रतिवेदन पेश गर्दा दिइएका निर्देशनहरूसमेत समावेश गर्न सक्ने देखिन्छ ।

**कार्यान्वयनको अवस्था**

संसदीय व्यवस्थामा सरकार संसदप्रति उत्तरदायी हुन्छ । सरकारले गर्ने कामकारवाहीमाथि संसदले निगरानी राख्दछ । सरकारका कामहरूको निगरानी गर्न संसदमा विषयगत समितिहरूको व्यवस्था गरिएको हुन्छ । यस्ता संसदीय समितिहरूले सरकारका कामकारवाहीको निगरानी गर्ने

क्रममा अनुगमन, मूल्याङ्कन र परीक्षण गर्ने कार्य गर्दछ । 'मिनी पार्लियामेन्ट' को रूपमा चिनिने संसदीय समितिहरूले सरकारका तर्फबाट मन्त्रीले संसदको बैठकमा समय समयमा व्यक्त गर्ने आश्वासनहरूको अध्ययन गरी त्यसको अनुगमन, मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाहसमेत दिने गर्दछन् । यस क्रममा समितिले आश्वासन सङ्कलन गर्ने, सङ्कलित आश्वासनलाई कार्यान्वयनको लागि सम्बन्धित निकायमा लेखी पठाउने, आश्वासनको लिखित प्रगति प्राप्त भएपछि सोका सम्बन्धमा समितिमा छलफल गर्ने, प्रगति सन्तोषजनक भएको नपाइएमा पुनः लेखी पठाउने, आवश्यकताअनुसार सम्बन्धित निकायका पदाधिकारीहरूलाई समितिको आमन्त्रण गरी छलफल गर्ने, छलफलपछि आवश्यकता अनुसार स्थलगत अध्ययन अनुगमन गर्ने र प्रतिवेदन तयार गरी सभासमक्ष पेश गर्नेलगायतका काम समितिले गर्दछ । नेपालको संसद/समितिमा व्यक्त भएका सरकारी आश्वासन कार्यान्वयनको अवस्था र विगतदेखि हालसम्मका केही दृष्टान्तहरू निम्नानुसार रहेका छन्ः-

- राष्ट्रिय सभा नियमावली, २०५५ अन्तर्गत गठित चारवटा विषयगत समितिहरूमध्येको एक सरकारी आश्वासन समितिले अनुगमन तथा मूल्याङ्कन उपसमिति गठन गरी मन्त्रिपरिषद् सचिवालय, गृह मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, शिक्षा तथा खेलकूद मन्त्रालय, अर्थ मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालय, स्थानीय विकास मन्त्रालय, स्वास्थ्य मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालयलगायतका १८ वटा मन्त्रालयसँग सम्बन्धित सरकारी आश्वासनहरूको अध्ययन गरेको थियो । अध्ययनपछि उल्लिखित निकायहरूमा सरकारी आश्वासनको कार्यान्वयनसम्बन्धी प्रगति विवरण माग गरिएको थियो । माग गरिएबमोजिम प्राप्त प्रगति विवरणहरू कतिपय सन्तोषजनक रहेको, कतिपयमा सन्तुष्ट हुन सक्ने अवस्था नरहेको देखिन्छ भने कतिपय विषयमा प्रगति विवरण नै प्राप्त नभएको देखिन्छ । यसरी समितिको पहिलोदेखि तेस्रो वार्षिक प्रतिवेदनहरूमा उल्लेखित सरकारी आश्वासनहरूको सम्बन्धित निकायले कार्यान्वयन गरे, नगरेको सम्बन्धमा अनुगमन एवं मूल्याङ्कन गरी प्रतिवेदनसमेत पेश गरेको थियो । सभामा व्यक्त आश्वासनहरूमध्ये कतिपय आश्वासन पूरा भएको, धेरै आश्वासनहरू वर्षौंसम्म पनि पूरा हुन नसकेको उक्त अध्ययनले देखाउँछ । यसले तत्कालीन अवस्थामा सरकारी आश्वासन कार्यान्वयनको कमजोर अवस्थाको चित्रण गर्दछ ।
- राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ को उपनियम (१) बमोजिम गठित १३ सदस्यीय प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिले सरकारी आश्वासन कार्यान्वयनको अवस्था अध्ययन गर्ने कार्य गरिरहेको छ । यसको लागि समितिले सरकारी

आश्वासन अध्ययनसम्बन्धी छुट्टै उपसमिति गठन गरेको छ । यो उपसमितिले संघीय संसदको संयुक्त बैठक, राष्ट्रिय सभाको बैठकहरूमा सरकारका तर्फबाट सम्माननीय राष्ट्रपति, सम्माननीय प्रधानमन्त्री, माननीय मन्त्रीहरूले व्यक्त गर्नुभएका आश्वासनहरूको कार्यान्वयन अवस्थाको अध्ययन निरन्तर रूपमा गर्दै आइरहेको छ । समितिअन्तर्गत गठित सरकारी आश्वासन अध्ययन उपसमितिले आर्थिक वर्ष २०७५/०७६ को बजेट वक्तव्य, नेपाल सरकारको आर्थिक वर्ष २०७५/०७६ को नीति तथा कार्यक्रम, संसदमा पेश भएको श्वेतपत्र र आर्थिक वर्ष २०७५/०७६ को बजेटका प्राथमिकता र सिद्धान्तहरूको अध्ययन गरी ती दस्तावेजहरूमा उल्लेख भएका एक वर्षभित्र पूरा हुने भनी उल्लेखित विषय र सोको कार्यान्वयनको अवस्था मापन हुन सक्ने विषयवस्तुहरू छनौट गरी अध्ययन गरेको थियो । अध्ययनपछि कार्यान्वयन स्थितिका सम्बन्धमा सम्बन्धित निकायहरूमा लेखी पठाइएको थियो । प्राप्त प्रगतिका सम्बन्धमा पूर्ण सन्तुष्ट हुन सक्ने अवस्था रहेको देखिँदैन । मन्त्रीहरूबाट संसदको बैठकमा समय-समयमा व्यक्त गरिएका सरकारी आश्वासनको कार्यान्वयन अवस्था अध्ययन गर्दा त्यस्ता आश्वासनहरू निर्धारित समयमा पूरा हुन सकेको देखिँदैन । कार्यान्वयनको अवस्थामा रहेको, अनुसन्धानको प्रक्रियामा रहेको, छिटो कार्यान्वयन सम्पन्न हुने अवस्थामा रहेको जस्ता आश्वासन पुनः प्राप्त हुने गरेको अवस्था छ ।

- राष्ट्रिय गौरवका आयोजनामा सूचीकृत आयोजनाहरूमध्ये संघीय संसदमा मन्त्रीहरूद्वारा आ.व. २०७५/०७६ मा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण आयोजना, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा, लुम्बिनी क्षेत्र विकास कोष, मेलम्ची खानेपानी आयोजना, रानीजमरा गुलरिया सिँचाइ आयोजना, भेरी बबई बहुउद्देश्यीय डाइभर्सन सिँचाइ आयोजना, बुढीगङ्गा जलविद्युत आयोजना, सिक्टा सिँचाइ आयोजना, काठमाडौं तराई द्रुतमार्ग, हुलाकी राजमार्ग, कालिगण्डकी करिडोर, रेल, मेट्रोरेल आयोजना र राष्ट्रपति चुरे संरक्षण कार्यक्रम गरी १० वटा आयोजनाहरूको कार्यान्वयन अवस्थाको बारेमा आश्वासन दिइएको थियो । आश्वासन दिइएका यी कुनै पनि आयोजना हाल पूरा भएका छैनन् र सबै आयोजनाहरू कार्यान्वयनका चरणमै रहेका छन् ।
- पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण जारी रहेको, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवा निर्माणकै क्रममा रहेको, लुम्बिनी क्षेत्र विकास कोष पनि निर्माणकै क्रममा रहेको, मेलम्ची खानेपानी आयोजना ठेकेदार विवादले काम रोकिएपछि पुनः काम सुरु भएको, रानिजमरा गुलरिया सिँचाइ आयोजना र भेरी बबई बहुउद्देश्यीय डाइभर्सन सिँचाइ

आयोजना निर्माणकै क्रममा रहेको, बुढीगङ्गा जलविद्युत आयोजनाको कार्य अगाडि बढेको, सिक्टा सिँचाइ आयोजनाको कार्य जारी रहेको छ भने काठमाडौं तराई द्रुतमार्ग, हुलाकी राजमार्ग, कालिगण्डकी करिडोर, रेल, मेट्रोरेल आयोजना र राष्ट्रपति चुरे संरक्षण कार्यक्रम कार्यान्वयनको चरणमा रहेको भन्ने आश्वासन दिइएको पाइन्छ ।

- राष्ट्रिय सभाको मिति २०७५ असार २४ गतेको बैठकमा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयसँग सम्बन्धित विनियोजन विधेयकको छलफलमाथि माननीय सदस्यहरूले उठाएका भएको प्रश्नको जवाफ दिने क्रममा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रीद्वारा व्यक्त भू-उपयोग नीति र भूमि नीति हामी यसै वर्षबाट कार्यान्वयन हुने गरी मन्त्रिपरिषद्मा लाँदैछौं र सदनमा पनि हामी ऐन ल्याउँदैछौं, उच्चस्तरीय भूमि आयोग निर्माण हुँदैछ, यही साउन मसान्तसम्ममा त्यो आयोग बनिसक्ने र त्यसले सुकुम्बासी समस्यालाई हल गर्नेछ भन्नेलगायतका आश्वासन व्यक्त भएका थिए । हाल भू-उपयोग नीति र भूमि नीति नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आइसकेको छ । त्यसैगरी भू-उपयोग ऐन संघीय संसदबाट पारित भई प्रमाणीकरण भइसकेको भने उच्चस्तरीय भूमिसम्बन्धी समस्या समाधान आयोग गठन भइसकेको छ ।
- नेपाल सरकारको तर्फबाट सम्माननीय राष्ट्रपतिज्यूले संसदको संयुक्त बैठकमा पेश गर्नु भएको आ. व. २०७७/०७८ को नीति तथा कार्यक्रममा व्यक्त भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित आगामी आर्थिक वर्षभित्र सबै स्थानीय तहको भू-उपयोग नक्सा तथा डाटाबेश तयार गरिनेछ भन्ने सरकारी आश्वासन व्यक्त भएको थियो । हाल ३६९ स्थानीय तहको भू-उपयोग नक्सा तथा डाटाबेश स्थानीय तहलाई हस्तान्तरण भइसकेको छ भने १६३ स्थानीय तहको भू-उपयोग नक्सा तथा डाटाबेश तयार भई हस्तान्तरण गर्ने क्रममा रहेको तथा बाँकी २२१ स्थानीय तहको भू-उपयोग नक्सा तथा डाटाबेश तयार गर्न परामर्शदाता छनौटको क्रममा रहेको छ ।

संसदमा सरकारले व्यक्त गरेका सबै आश्वासनहरू कार्यान्वयन नभए तापनि अधिकांश आश्वासन कार्यान्वयनमा सरकार लागी परेको देखिन्छ । कार्यान्वयनका क्रममा रहेका कतिपय आश्वासनहरू समय सीमाभित्र पूरा हुन नसकेको अवस्था भए तापनि सरकारी आश्वासन कार्यान्वयनमा गर्न सरकार प्रतिबद्ध रहेको देखिन्छ भने संसदीय समितिको निगरानी पनि प्रभावकारी बन्दै गएको छ ।

**समस्या**

सरकारको तर्फबाट संसदमा व्यक्त गरिएका कतिपय आश्वासनहरू पनि केवल आश्वासनमा नै सीमित रहने गरेका छन् भने कतिपय आश्वासनहरू पूरा भएका उदाहरणहरू समेत छन् । आश्वासन पूरा हुन नसक्नु वा कार्यान्वयन हुन नसक्नुमा देहायका समस्याहरू रहेका छन्ः-

- **इच्छाशक्ति एवं सङ्कल्पको कमीः** सरकारका मन्त्रीबाट संसदमा समय-समयमा व्यक्त गरिने आश्वासन कार्यान्वयनमा सरकार स्वयं सक्रिय नभई उदासीन रहेको देखिन्छ । दिइएको आश्वासन तोकिएको समयमै पूरा गर्नु पर्दछ भन्ने इच्छाशक्तिको अभाव सरकारमा देखिन्छ ।
- **समन्वयको अभावः** संसदमा दिइने कतिपय आश्वासन एकभन्दा बढी निकायहरूसँगको समन्वयबाट मात्र कार्यान्वयन हुन सक्ने अवस्था रहन्छ । जस्तोः बाटो निर्माणसँग सम्बन्धित आश्वासन कार्यान्वयनमा अर्थ मन्त्रालय, वातावरण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय लगायत निकायहरूबीच समन्वय हुन अनिवार्य हुन्छ । यी निकायहरूबीच प्रभावकारी समन्वय हुन नसक्दा त्यस्तो आश्वासनले पूर्णता नपाएको अवस्था छ ।
- **सरकारको प्राथमिकतामा नपर्नुः** सरकारले संसदमा आश्वासन दिएर मात्र हुँदैन । यसको कार्यान्वयनको लागि कार्यक्रम बनाई बजेटको व्यवस्था गर्नु पर्दछ । तर यस कार्यलाई सरकारले प्राथमिकतामा राखेको देखिँदैन । आश्वासन कार्यान्वयन गर्ने विषयले भन्दा पनि अन्य विषयहरू सरकारको प्राथमिकतामा पर्ने गरेको छ ।
- **प्रगति विवरण समयमा प्राप्त नहुनुः** आश्वासन कार्यान्वयनको कार्यलाई समयमै पूरा गराउन संसदको समितिले आश्वासन कार्यान्वयनको अवस्थाका बारेमा निश्चित अवधिभित्र प्रगति विवरण पठाउन पत्राचार गर्ने गर्दछ । यसरी अवधि तोकी पठाइने पत्राचारको जवाफ समयमै प्राप्त हुने गरेको देखिँदैन । यसले गर्दा एउटै विषयमा पुनः पत्राचार गर्नुपर्ने अवस्था आइरहेको हुन्छ । यसपछि मात्र प्रगति विवरण प्राप्त हुने अवस्था रहेको पाइन्छ । यसले गर्दा समितिले समयमै सुझाव दिन ढिलाइ हुँदा समयमै आश्वासन कार्यान्वयन हुन सक्दैन ।
- **सरकारी निकायको वेवास्ताः** सरकारबाट संसदमा दिइएका आश्वासन कार्यान्वयनका सम्बन्धमा सम्बन्धित सबै निकायहरूमा प्रगति विवरण माग गर्नुपर्ने हुन्छ । पटक-पटकको ताकेता पश्चात् पनि कतिपय निकायबाट यस्ता प्रगति विवरण प्राप्त नै नहुने अवस्था पनि रहेको छ भने कतिपय निकायहरू विभागीय मन्त्रीले दिएका आश्वासनको बारेमा बेखबर हुन्छन् ।

- **औपचारिकताको लागि प्रगति विवरणः** समितिबाट आश्‍वासन कार्यान्वयनसम्बन्धी प्रगति विवरण माग गरी पठाउँदा त्यसको जवाफमा पूर्ण र स्पष्ट प्रगति विवरण समयमै पठाउनु सम्बन्धित निकायको दायित्व हुन्छ । तर सरकारबाट कहिलेकाहीँ यथार्थ प्रगति विवरण नपठाई औपचारिकता पूरा गर्ने किसिमले मात्र प्रगति विवरण पठाउने गरेको देखिन्छ ।
- **कार्यान्वयन हुन नसक्ने जटिल प्रकृतिका आश्वासनः** कतिपय अवस्थामा सरकारले कार्यान्वयन गर्न जटिल प्रकृतिका आश्‍वासन दिएका हुन्छन् । जो निश्चित समयमा कार्यान्वयन हुन सक्दैन ।

**सुझाव**

सरकारी आश्‍वासन कार्यान्वयनमा देखिएका समस्याहरूको न्यूनीकरणका लागि देहायका सुझावहरू कार्यान्वयन हुन मनासिब देखिन्छः-

- सरकारलाई संसदप्रति जिम्मेवार बनाउन संसदीय समितिले समय-समयमा निर्देशन दिने गर्दछ । सरकारलाई दिने यस्ता निर्देशनहरूको कार्यान्वयनबाट संसदमा दिइएका आश्‍वासनहरूको कार्यान्वयनमा सुधार हुन सक्छ ।
- सरकारले संसदमा हुने सरकारको नीति तथा कार्यक्रम, बजेट वक्तव्य, प्रश्नोत्तर समय, विधेयकमाथिको छलफल, सङ्कल्प प्रस्ताव लगायतका विषयहरूमाथि हुने छलफलको क्रममा विभिन्न आश्‍वासन दिने गर्दछन् । यस क्रममा धेरै आश्‍वासन दिँदा पूर्ण कार्यान्वयनमा ल्याउन नसकिने हुन सक्छ । तसर्थ, सकेसम्म थोरै आश्‍वासन दिने र पूर्णरूपमा कार्यान्वयन हुने आश्‍वासनमात्र दिने गरिनु पर्दछ ।
- सरकारबाट दिइने कतिपय आश्‍वासनहरू जटिल प्रकृतिका पनि हुने गर्दछन् । जुन कार्यान्वयनमा ल्याउन असम्भव प्रायः हुन सक्छ । जसले सरकारको कामकारवाहीमा पनि प्रभाव पार्न सक्छ । तसर्थ, जटिल प्रकृतिका आश्‍वासन नदिई तोकिएकै समयभित्र कार्यान्वयन हुन सक्ने आश्‍वासनमात्र सरकारले दिनु पर्दछ ।
- संसदमार्फत् सरकारलाई जिम्मेवार बनाउने कार्यमा प्रतिपक्षको भूमिका महत्त्वपूर्ण हुन्छ । सरकारको कामकारवाहीलाई सही दिशातर्फ डोऱ्याउन प्रतिपक्षले प्रभावकारी भूमिका खेल्नु पर्दछ । संसदमा प्रतिपक्ष बलियो भयो भने सरकार आफ्नो प्रतिबद्धता पूरा गर्ने कार्यबाट पछाडि हट्न सक्दैन ।

उल्लेखित कुराहरूको साथै स्थिर कर्मचारीतन्त्र, सरकारका मन्त्रीको स्थायित्व लगायतका विषयले पनि आश्वासन कार्यान्वयनमा देखिएका समस्याहरूलाई केही हदसम्म कम गर्न सकिन्छ ।

## निष्कर्ष

विगतदेखि वर्तमान समयसम्म सरकारी आश्वासनसम्बन्धी संसदीय समितिको व्यवस्था सभा अन्तर्गतका नियमावलीहरूमा गरिएको पाइन्छ । यद्यपि सरकारी आश्वासन कार्यान्वयनको अवस्था कमजोर रहेको देखिन्छ । तसर्थ, सरकारका मन्त्रीहरूबाट सदनमा व्यक्त गरिएका सरकारी आश्वासनका विषयहरूलाई गम्भीरतापूर्वक लिई निर्धारित समयमै कार्यान्वयन गर्नेतर्फ उत्तरदायित्व बहन गर्नुपर्ने हुन्छ । साथै, कुनै कारणले तोकिएको समयमै दिइएका आश्वासन पूरा गर्न नसकेमा सम्बन्धित मन्त्रीले समितिलाई लिखित रूपमा जानकारी गराउनुपर्ने व्यवस्था गर्न आवश्यक देखिन्छ । यसको अतिरिक्त, सरकारका मन्त्रीहरूबाट दिइएका आश्वासन कुन हदसम्म पूरा भएका छन् वा छैनन् त्यसको अनुगमन गरी यकिन गर्ने, आश्वासन पूरा नभएको वा समयमा नै पूरा नभएको परीक्षण गर्ने, आश्वासनको कार्यान्वयनका सम्बन्धमा स्थलगत निरीक्षण सक्यो भने सरकारी आश्वासनको कार्यान्वयन अवस्थामा सुधार ल्याउन सकिन्छ ।

## सन्दर्भ सामग्री


नेपालमा सरकारी आश्वासन कार्यान्वयनको स्थितिसम्बन्धी प्रतिवेदन, २०७६

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको वार्षिक प्रतिवेदन, २०७६

प्रतिनिधि सभा नियमावली, २०७५

राष्ट्रिय सभा नियमावली, २०५५

राष्ट्रिय सभा नियमावली, २०४८

राष्ट्रिय सभा नियमावली, २०७५

राष्ट्रिय सभा सरकारी आश्वासन समितिको अनुगमन एवं मूल्याङ्कन, पहिलो प्रतिवेदन, २०५८

www.parliamentofindia.nic.in

www.parliament.gov.bd